# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ (संख्य ६) चावि.नपा श्रावण ६ गते २०८१ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## बाल अधिकार समिति गठन तथा परिचालन कार्यविधि २०८१

स्वीकृत मितिः २०८१/०३/२८

**पृष्ठभुमी**

बाल अधिकार महासन्धी १९८९ ले निर्दिष्ट गरेका बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता र बाल विकास सुनिश्चित गरेको छ । नेपालको सविधानको मौलिक हक अर्न्तगत धारा ३९ को बालबालिका सम्बन्धी हक र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बाल संरक्षणलाई प्रमुख आधार बनाएको पाईन्छ। संघीय संसदले मिति २०७५ असोज ०३ गते प्रमाणिकरण गरेको बालबालिका सम्बन्धी ऐन २०७५ को परिच्छेद ६ अर्न्तगत, बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था अनुरुप ऐनको दफा ६० को उपदफा २ अनुसार "प्रत्येक स्थानीय तहमा गाउा कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उप-प्रमुखले तोकेको त्यस्तो कार्यपालिका वा नगरपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बालअधिकार समिति रहनेछ" भन्ने उल्लेख भए बमोजिम चामुण्डाबिन्द्रासैनी नगरपालिकाले बालबालिका ऐन २०७५ को दफा ६० को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी बाल अधिकार समितिको अधिकार, काम, कर्तव्य र अधिकार, बैठक सञ्चालन तथा सदस्य संख्या लगायत कानूनले दिएको अधिकार कार्यान्वयनको लागि बाल अधिकार समिति गठन तथा परिचालन कार्यविधि २०८० तर्जुमा गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ,**

(क) यस कार्यविधिको नाम "बाल अधिकार समिति गठन तथा परिचालन कार्यविधि २०८१" रहने छ।

(ख) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

(ख) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु





पर्दछ।

(ग) "बालबालिका सम्बन्धी ऐन" भन्नाले संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ लाई सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाले जारी गरेको बालअधिकार समिति गठन तथा परिचालन कार्यविधि २०८० सम्झनु पर्दछ ।

(ङ) "स्थानीय तह" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिका र मातहतका सबै वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "सेवा प्रदायक" नेपाल सरकार अन्तर्गत नगरपालिकामा सेवा प्रवाह गर्नको लागि ईकाइको रूपमा रहेका स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, सामाजिक विकास, पशु सेवा, कृषि सेवा, प्रहरी चौकी तथा गैह्र सरकारी संघसंस्थालाई सम्झनु पर्दछ ।

(छ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरूलाई सम्झनु पर्दछ ।

(ज) "बाल क्लब" भन्नाले नगरपालिकामा सुचिकृत भएका १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरूको संगठन वा समुहलाई जनाउदछ ।

(झ) "बाल सञ्जाल" भन्नाले टोल, वडा, पालिका स्तरमा बाल क्लबहरूको सञ्जाललाई सम्झनु पर्दछ ।

(ञ) "सहयोगी संस्था" भन्नाले नगरपालिकामा बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि अनुमति प्राप्त गैरसरकारी संस्थाहरूलाई सम्झनु पर्दछ ।

(ट) "सामाजिक कार्यकर्ता" भन्नाले नगरपालिकामा मामला वा घटना व्यवस्थापनको माध्यमबाट बाल संरक्षणलाई प्रवर्द्धन तथा संरक्षण गर्नका लागि नगरपालिका वा गैहसरकारी संस्थाद्वारा नियुक्त कार्यकर्ता सम्झनु पर्दछ ।

(ठ) "वडा बाल अधिकार समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भई वडा स्तरमा बाल संरक्षणलाई प्रवर्द्धन तथा संरक्षण गर्नका लागि गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(ड) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१, बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ८१ तथा यस कार्यविधि अनुसार तोकिएको वा नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ढ) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ण) "बालकोष" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाले स्वीकृत गरेको बालकोष सञ्चालन कार्यविधि अनुरूप स्थापना गरी कार्यान्वयनमा रहेको कोषलाई सम्झनु पर्दछ ।

(थ) "बालबालिका सम्बन्धी नियमाली" भन्नाले संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी निमावली २०७८ लाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्धेश्य,**

(क) यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा रहेका बालबालिकाहरूको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपुर्ति गरी बालबालिकाको सर्वोतम् हित कायम गर्ने ।

(ख) बालबालिकाहरूको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यको उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउने ।

(ग) नेपालको संविधान, राष्टिरुय तथा अर्न्तराष्टिरुय कानूनमा भएका बालअधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्थाहरूको नगरपालिकामा पूर्ण परिपालना र कार्यान्वयनको लागि पहल गर्ने

(घ) चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई बालमैत्री नगरपालिका निर्माण गर्नको लागि बालमैत्री नीति, कार्यक्रम र क्रियाकलापहरूको निर्माण, कार्यान्वयन गर्ने ।

**४. स्थानीय बाल अधिकार समितिको गठन,**

बालबालिका सम्बन्धी ऐन २०७५ को परिच्छेद ६ बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था अर्न्तगत दफा ६० को उपदफा २ अनुसार "प्रत्येक स्थानीय तहमा गाउा कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उप–प्रमुखले तोकेको त्यस्तो कार्यपालिका वा नगरपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बालअधिकार समिति रहनेछ" भन्ने कुरा उल्लेख भएको र उपदफा ३ बमोजिम यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाले पनि स्थानीय बाल अधिकार समिति गठन गरिनेछ ।

**५. स्थानीय बाल अधिकार समितिको संरचना,**

(क) यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा स्थानीय बाल अधिकार समितिको संरचना तपशिल बमोजिम रहनेछ ।

| | |
|---|---|
| (१) नगर कार्यपालिका उपप्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य | संयोजक |
| (२) वडा बाल अधिकार समितिका संयोजकहरू (सबै) | सदस्य |
| (३) पालिकास्तरीय बाल क्लब सञ्जालको एक बालिका सहित अध्यक्ष २ जना | सदस्य |
| (४) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (५) नगरपालिकाको शिक्षा शाखा प्रमुख | सदस्य |
| (६) नगरपालिका हेर्ने प्रहरी कार्यालय प्रमुख | सदस्य |
| (७) बालबालिका सम्बन्धी कार्य गर्ने गैरसरकारी संस्था प्रतिनीधि १ जान | सदस्य |
| (८) नगरपालिका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (९) बाल कल्याण अधिकारी | सदस्य सचिव |

(ख) बाल अधिकार समितिले आवश्यकता अनुसार विकासका साझेदार संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सकिनेछ ।

(ग) तोकिएको संरचना अनुसारका व्यक्तिहरूको उपलब्ध नभएमा समितिको निर्णयले बाल अधिकारको निम्ति कार्य गर्न सक्ने अन्य कुनै व्यक्तिको चयन गर्न सक्ने छ ।

(घ) समितिको पुनर्गठन गर्दा तोकिएको प्रक्रिया अनुसार प्रत्येक २ वर्षमा गर्नेछ ।

**६. समिति गठन प्रक्रिया,**

समिति गठन गर्दा तपशिल बमोजिमको प्रक्रियाहरू अपनाईनेछ ।

(क) नगरपालिकाको आवश्यकताको आधारमा ५ दिन अगाडी यस कार्यविधिले तोकेका सदस्यहरूलाई उपस्थितिको लागि अनुरोध गर्ने, उपस्थित भएका व्यक्तिहरूको उपस्थितिमा बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यस कार्यविधिले तोके बमोजिमको बाल अधिकार समिति गठन गरिने छ ।

(ख) कार्यविधिले तोके बमोजिमको समिति गठन गर्नु पूर्व समिति गठन भएको भए यो कार्यविधि स्वीकृत भए पछि यस कार्यविधि अनुसारको स्थानीय बाल अधिकार समितिको गठन गरिनेछ ।

(ग) बाल अधिकार समितिका पदाधिकारीहरूले बालसंरक्षण सम्बन्धी आचारसंहितामा हस्ताक्षर गर्नेछन र सोको पालनाको लागि बालसंरक्षण नीतिको एक–एक प्रति प्रदान गरिनेछ ।

**७. स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार,**

नगरपालिका स्तरीय बालअधिकार समितिले बालबालिका सम्बन्धी ऐन २०७५ मा उल्लेखित बाल संरक्षणका सवालहरू लगायत प्रदान गरेका अन्य अधिकारहरू र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा बाल अधिकार सम्बन्धी प्रदान गरेको अधिकारको प्रयोग गरी बाल अधिकार समितिले प्रमुख कार्यहरू निम्न कार्यहरू गर्नेछ ।





क) नीतिगत कार्यहरू :

१) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

२) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने ।

३) नगरपालिकाभित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने ।

४) बालमैत्री स्थानीय शासनको अवलम्बनका साथै बालमैत्री वडा/पालिका घोषणाको नेतृत्व लिने ।

५) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने ।

ख) बालसंरक्षण सहयोग, समन्वय तथा सहजीकरण,

१) नगरपालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

२) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने ।

३) नगरपालिकामा बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाईन नं. १०९८ (दशनौआठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

४) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सुचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने ।

५) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने ।

६) पालिकाभित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीतलहर र आगोलागी जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित सक्तट तथा कोरोना र इन्ˆ लुन्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने ।

७) वैकल्पिक हेरचाहको व्यवस्था गर्दा बालबालिकाको जन्मदर्ता नभएको भएमा निजको जन्मदर्ता गर्ने व्यवस्थाका लागि सहयोग गर्ने ।

८) नगरपालिकामा सरकारी, गैरसरकारी र नीजि क्षेत्रबाट बालबालिका तथ उनीहरूका परिवार लक्षित सेवाहरूको नक्शाक्तन गरी आवश्यक कार्यसुची तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरू जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रीत गर्न नगरपालिका स्तरीय सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

ग) सूचना व्यवस्थापन र अभिलेखीकरण,

१) नगरपालिका भित्रका बिशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको तथ्याक्त सक्तलन गर्ने र वार्षिक रूपमा अद्यावधिक गर्ने ।

२) बालबालिका सम्बन्धी खण्डिकृत तथ्याक्त विवरण सक्तलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने ।

३) बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन तयारी र प्रकाशन गर्ने ।

घ) अनुगमन, मूल्याक्तन र प्रतिवेदन

१) नगरपालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याक्तन तथा

समीक्षा गरी सुझाव दिने ।

२) नगरपालिकामा ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा शिफारिस गर्ने ।

ङ) कार्यक्रम कार्यान्वयन तथा क्षमता अभिवृद्धि

१) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने ।

२) नगरपालिका मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने ।

**८. स्थानीय बाल अधिकार समितिको बैठक,**

(क) स्थानीय बाल अधिकार समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले आवश्यकता अनुसार बोलाउनेछ ।

(ख) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा जेष्ठ सदस्य वा उपस्थित सदस्यको सामुहिक निर्णयले अध्यक्षताको जिम्मेवारी वहन गर्नेछ ।

(ग) निर्णय गर्दा सहमतिका आधारमा निर्णय गरिनेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

(ङ) स्थानीय बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य सख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(च) स्थानीय बाल अधिकार समितिको सम्पर्क कार्यालय नगरपालिकाले उपलब्ध गराएको स्थानमा रहनेछ ।

**९. वडा बाल अधिकार समितिको संरचना,**

(क) यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रत्येक वडाहरूमा वडा बाल अधिकार समिति रहनेछ र वडा बाल अधिकार समितिको संरचना तपशिल बमोजिमको हुनेछ ।

| | |
|---|---|
| (१) वडा अध्यक्ष | संयोजक |
| (२) वडामा रहेका विद्यालयहरूबाट प्रधानाध्यापक वा शिक्षक प्रतिनीधि (१) | सदस्य |
| (३) स्वास्थ्य संस्था प्रतिनीधि वा महिला स्वास्थ्य स्वयम् सेविका (२) | सदस्य |
| (४) बाल अधिकार कर्मी/नागरिक समाजका प्रतिनिधि (१) | सदस्य |
| (५) वडा स्तरीय बाल सञ्जालको बालिका सहित अध्यक्ष (२) | सदस्य |
| (६) आदिबासी, जनजाति, अल्पसंख्यक, दलित, अपाङ्गता भएको व्यक्तिसहित पिछडिएका समुदायको प्रतिनिधित्व हुने गरी (२) | सदस्य |
| (७) वडा सचिव | सदस्य सचिव |

(ख) वडा बाल अधिकार समितिको सदस्य सचिवको रुपमा वडा सचिव वा वडा बाल अधिकार समितिका संयोजकले वडा बाल अधिकार समितिको सदस्यबाट तोकेको व्यक्ति हुनेछ ।

(ग) वडाको आवश्यकता अनुसार वडा बाल अधिकार समितिले विकासका साझेदार संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सकिनेछ ।

(घ) तोकिएको संरचना अनुसारका व्यक्तिहरूको उपलब्ध नभएमा समितिको निर्णयले बाल अधिकारको निम्ति कार्यगर्न सक्ने अन्य कुनै व्यक्तिको छनौट गर्न सक्ने छ ।



खण्ड ७ (संख्य ६) चावि.नपा श्रावण ६ गते २०८१ साल

(ङ) समितिको पुनर्गठन गर्दा तोकिएको प्रक्रिया अनुसार प्रत्येक २ बर्षमा गर्नेछ ।

**१०. वडा बाल अधिकार समितिको गठन प्रक्रिया,**

(क) वडा बाल अधिकार समिति गठन गर्दा वडाको आवश्यकताको आधारमा यस कार्यविधिले तोके अनुसार वडा बाल अधिकार समिति गठन गरिनेछ ।

(ख) वडा बाल अधिकार समिति गठन गर्दा निवार्चित वडा प्रतिनिधिहरू, बाल क्लब प्रतिनिधि, वडामा बाल अधिकार सम्बन्धी काम गर्ने संघ संस्थाका प्रतिनिधि, महिला स्वास्थ्य स्वयम् सेविका वा स्वास्थ्य इन्चार्ज, प्रधानाध्यापकहरू तथा अन्य शिक्षकहरू र वडा सचिवको भेला गराई यस कार्यविधिले तोके बमोजिमको वडा बाल अधिकार समिति गठन गरिने छ ।

(ग) वडा बाल अधिकार समितिका पदाधिकारीहरूले बाल संरक्षण सम्बन्धी आचारसंहितामा हस्ताक्षर गर्नेछन र सोको पालनाको लागि बालसंरक्षण नीतिको एक एक प्रति प्रदान गरिनेछ ।

**११. वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार,**

वडा बाल अधिकार समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बालबालिका सम्बन्धी वडालाई तोकिएको जिम्मेवारीको साथै थप यस कार्यविधि अनुसार तपशिल बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) तथ्याक्त सक्तलन तथा अद्यावधिक गर्नेः वडा भित्रका बिशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको तथ्याक्त सक्तलन गर्ने र वार्षिक रूपमा अद्यावधिक गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

(ख) वार्षिक योजना तर्जुमा र कार्यन्वयन गर्ने : वडा भित्रका बालबालिकाको आवश्यकता पहिचान गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूको समन्वयमा वार्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।

(ग) समन्वय र सहकार्य गर्नेः वडामा कार्यरत सरकारी तथा गैरसरकारी संस्था, नीजि क्षेत्र, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, समूह, सञ्जाल, समिति, स्थानीय बाल अधिकार समिति जस्ता विभिन्न निकायहरूसाग आवश्यक समन्वय र सहकार्य गर्ने र जोखिममा रहेका बालबालिकालाई आवश्यक सहयोग पुऱ्याउन र उनीहरूको संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोग गर्ने ।

(घ) सचेतना जगाउनेः आ` नो वडाहरूमा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरूका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सिर्जना गर्न सहयोग पुग्ने किसिमका सचेनतामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) श्रोत नक्साक्तन र सिफारिस संयन्त्रको स्थापना गर्नेः वडामा सरकारी, गैर सरकारी र नीजि क्षेत्रबाट बालबालिका तथ उनीहरूका परिवार लक्षित सेवाहरूको नक्शाक्तन गरी आवश्यक कार्यसुची तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरू जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रीत गर्न वडा स्तरीय सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

(च) बालबालिका सम्वन्धी नीति तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्ने : बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनको लागि वडा तथा नगरपालिका स्तरमा पैरवी गर्ने ।

(छ) बालकोषको स्थापना गर्ने : विभिन्न निकायहरूसाग समन्वय र सहकार्य गरी आपतकालिन बालबालिका, बालविवाह, यौन दुर्व्यहार, हेला, शोषण, अपहेलना र अन्य कारणले जोखिममा परेका बालबलिकाहरूको तत्काल उद्दार तथा सहयोग गर्नको लागि वडा स्तरमा एक बालकोषको स्थापना तथा सञ्चालन गर्ने ।

(ज) अनुगमन र समीक्षा गर्नेः बालबालिकाहरूका लागि वडास्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले बालबालिकाको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समीक्षा गर्ने । कार्यक्रमको अनुगमन र समीक्षा आवधिक रूपमा, त्रैमासिक, अर्धबार्षिक र बार्षिकरूपमा गर्ने ।

३

(झ) प्रगति प्रतिवेदन पेश गर्नु पर्ने: वडामा बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरूको सम्पन्न प्रतिवेदन तयार गरी वडा स्तरका सरोकारवालाहरूसाग अर्धबार्षिक रूपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

(ञ) स्थानीय बाल अधिकार समितिले दिएको निर्देशनको पालना गर्ने ।

(ट) सामाजिक कार्यकताको परिचालन गर्ने: आˆ नो वडामा बालबालिकाहरूको घटना (मामला) व्यवस्थापनको लागि पारा-सामाजिक कार्यकर्ताको परिचालन गर्ने ।

(ठ) बाल क्लब र सञ्जाल गठन, परिचालन, र आवद्धता गर्ने : बाल क्लबहरूको गठन, क्षमता विकास र परिचालन तथा आवद्धता गर्ने गराउने ।

**१२. वडा बाल अधिकार समितिको बैठक,**

(क) वडा बाल अधिकार समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले आवश्यकता अनुसार बोलाउनेछ ।

(ख) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा जेष्ठ सदस्य वा उपस्थित सदस्यको सामुहिक निर्णयले अध्यक्षताको जिम्मेवारी वहन गर्नेछ ।

(ग) सहमतिका आधारमा निर्णय गरिनेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

(ङ) वडा बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(च) वडा बाल अधिकार समितिको सम्पर्क कार्यालय वडा कार्यालयले उपलब्ध गराएको स्थानमा रहनेछ ।

**१३. बाल कल्याण अधिकारीको व्यवस्था,**

बाल अधिकारको संरक्षण तथा सर्म्बद्धन गर्नको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ अनुसार बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा बाल संरक्षण कार्य गर्न समेत गर्नका लागि स्थानीय तहमा एक बाल कल्याण अधिकारी रहनेछ भन्ने व्यवस्था र बालबालिका सम्बन्धी नियमावलीको नियम ८१ अनुसार यस नगरपालिकामा एक बाल कल्याण अधिकारी नियुक्त गर्नेछ । बाल कल्याण अधिकारीको नियुक्ति गर्दा बालबालिका सम्बन्धी नियमावलीको नियम ८१ (५) अनुसार अधिकृत छैटौ स्तरको पारिश्रमिक, सेवाका सर्त र सुविधा उपलब्ध गरिनेछ । बालकल्याण अधिकारी नियुक्त नभइसकेको अवस्था सम्मको लागि बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ८१ (४० अनुसार महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारीलाई बाल कल्याण अधिकारीको रुपमा तोक्नेछ । बाल कल्याण अधिकारी स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ । बाल कल्याण अधिकारी नियुक्त गर्दा बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ८१ को मातहतमा रही तपशिल बमोजिमको योग्यता पुगेको व्यक्ति हुनु पर्नेछ ।

(क) नेपाली नागरिक ।

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा कानून वा सामाजिक अध्ययन विषयमा स्नातक अध्ययन गरी बाल अधिकार वा बाल संरक्षणको क्षेत्रमा अनुभव प्राप्त ।

(ग) एक्काइस वर्ष पुरा भएको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग वा बालिबालिका विरुद्धको कसुरमा अदालतबाट कसुरदार नठहरिएको ।

(ङ) बाल अधिकार हनन् तथा भ्रष्टाचारका कसूरमा न्याय नपाएको ।

(च) सरकारी तथा अर्धसरकारी निकायसाग कुनै बााकी बक्यौता नरहको ।

(छ) नियुक्त हुादाको बखत राजनीतिक दलको सदस्य नरहेको ।





**१४. बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार,**

बालबालिका सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी नियमावली २०७८ र यस कार्यविधिले दिएको अधिकारका अतिरिक्त बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय बाल अधिकार समितिले निर्णय एवं निर्देशन कार्यन्वयन गर्ने वा गराउने ।

(ख) नेपाल सरकार प्रदेश सरकार र चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिका, नगर तथा वडा बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्र स्थायी तथा अस्थायी रुपमा बसोवास गर्ने सबै बालबालिकाले प्राप्त गर्नु पर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याक्त सक्तलन र विश्लेषण गरी अद्यावधिक प्रतिवेदन तयार गर्ने ।

(घ) चामुण्डाबिन्द्रासैनी नगरपालिकाका जोखिममा परेका विशेष संरक्षण र बैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, स्थाइ संरक्षण, बाबुआमालाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा बैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बालअधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) बालबालिका विरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(छ) चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्र भएका वैकल्पिक हेरचाहको व्यवस्था, पुर्नस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको निमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय बाल अधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(ज) चामुण्डाबिन्द्रासैनी नगरपालिकामा भएका बाल अधिकार उल□न सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण सम्बन्धी कार्य गर्ने ।

(झ) बालबालिकाको संरक्षणको लागि नियुक्त भएको सामाजिक कार्यकर्ता र बालमनोविज्ञको सुपरिवेक्षण गर्ने ।

(ञ) चामुण्डाबिन्द्रासैनी नगरपालिकामा रहेका बालबालिकाको संरक्षक नियुक्तिको लागि प्रचलित कानून बमोजिम अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि बैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल, अचल सम्पतिको अभिलेख राखि संरक्षण सम्बन्धित निकायमा सहजिकरण र सिफारिस गर्ने ।

(ड) बालबालिकाको गोपनियताको हक उलङ्घन नहुने गरी प्रचलित कानून बमोजिम प्रकाशित गर्नु पर्ने सूचना तथा प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र प्रदेश बाल अधिकार समिति र परिषदमा पेश गर्ने,

(ढ) चामुण्डाबिन्द्रासैनी नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(ण) चामुण्डाबिन्द्रासैनी नगरपालिकामा बालश्रम, बाल विवाह, बाल हिंसा जस्ता समस्याको अन्त्य गर्न बालमैत्री विद्यालय, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक समन्वय तथा सहजिकरण गर्ने ।

(त) स्थानीय बाल अधिकार समितिले प्रत्यायोजित अन्य काम गर्ने ।

**१५. सामाजिक कार्यकर्ता तथा बालमनोविज्ञको व्यवस्था,**

बालबालिका सम्बन्धी ऐनको दफा ६२ को उपदफा २ बमोजिम समाजसेवी तथा बाल मनोविज्ञलाई सूचीकृत गर्नको लागि स्थानीय बाल अधिकार समितिले २१ दिनको म्याद दिई नगरपालिकामा सञ्चालनमा रहेका सार्वजनिक सञ्चार माध्यमद्वारा सार्वजनिक सूचना जारी गर्नु पर्ने प्रावधानलाई अनुशरण गर्दै साथै बालबालिका सम्बन्धी नियमावलीको नियम ८३ अनुसार यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाले पनि कानूनले तोकेको मापदण्ड अनुसार सार्वजनिक सञ्चार माध्यम, आˆ नो सुचना पाटी र वेबसाईटमा समेत २१ दिने सुचना प्रकाशित गरेर समाजसेवी र बालमनोविज्ञको सुचिकरणको लागि सुचना प्रकाशित गर्नेछ ।

(क) बालबालिका सम्बन्धी ऐन २०७५को दफा ४८ अनुसार विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र यस कार्यविधि अनुसार जोखिममा रहेका बालबालिकाको आवश्यकता अनुसार घटना व्यवस्थापनको माध्यमबाट बालबालिका सम्बन्धी ऐनको दफा ५० अनुसार बालबालिकाको संरक्षण गर्न र तत्काल उद्धार गरी सेवा प्रवाह गर्नु पर्ने हकमा दफा ६९ बमोजिम वैकल्पिक हेरचाह सहयोग प्रायोजन र परिवार सहयोग गर्ने उद्धेश्यले बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ८३ (४) अनुसार यस नगरपालिकाले आवश्यता अनुसार सुचिकृत सामाजिक कार्यकर्ता र बालमनोविज्ञको नियुक्त गर्नेछ ।

(ख) यस (क) अनुसार सामाजिक कार्यकर्ता र बालमनोविज्ञ नियुक्ति प्रक्रिया, योग्यता, छनौटको आधार, काम कर्तव्य र अधिकार बालबालिका सम्बन्धी नियमावली को नियम ८३ ( ५,६ र ७)ले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाले तपशिल व्यवस्था गरेकोछ ।

(२) उपनियम १ बमोजिम जारी भएको सूचना अनुसार देहाय बमोजिमको योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञले सोही सूचनाले तोकेका कागजात तथा व्यक्तिगत विवरणसहित स्थानीय बालअधिकार समितिमा सूचीकृत हुन निवेदन दिनु पर्नेछ ।

१. सामाजिक कार्यकता र बाल मनोविज्ञको योग्यता:

सामाजिक कार्यकता र बाल मनोविज्ञको योग्यता सम्बन्धमा बालबालिका सम्बन्धी नियमावलीको नियम ८३ (२) अनुसार योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञको सोहि सुचनाले तोकेका कागजात तथा व्यक्तिगत विवरण सहित यस नगरपालिकामा सुचिकरणको लागि निवेदन दिनु पर्नेछ । आवश्यक योग्यताको लागि तपशिल बमोजिमको आवश्यक रहनेछ :

(क) नेपाली नागरिक ।

(ख) समाजसेजीको रुपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा एक महिना तालिम प्राप्त गरेको ।

(ग) बालमनोविज्ञको रुपमा सुचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको र तालिम प्रदायक संस्थाबाट बालमनोविज्ञान सम्बन्धमा कम्तीमा एक महिना तालिम प्राप्त गरेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोग वा बालिबालिका विरुद्धको कसुरमा अदालतबाट कसुरदार नठहरिएको ।

(च) बाल  अधिकार हनन् तथा भ्रष्टाचारका कसूरमा सजाय नपाएको ।





(छ) सरकारी तथा अर्धसरकारी निकायसाग कुनै बाकी बक्यौता नरहेको ।

(ज) नियुक्त हुादाको बखत राजनीतिक दलको सदस्य नरहेको ।

(झ) असल चरित्र भएको ।

२.छनौट प्रक्रिया

यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाले सामाजिक कार्यकर्ता तथा बालमनोविज्ञको छनौट गर्नको लागि यस नगरपालिकामा सुचिकृत भएकाहरूबाट १५ दिनको सुचना प्रकाशित गरी आवश्यकता अनुसार लिखित र मौखिक प्रक्रियाबाट सामाजिक कार्यकर्ता तथा बालमनोविज्ञ छनौट गरिनेछ ।

३. पारिश्रमिक, सेवाका सर्त र सुविधा

यस कार्यविधि अनुसार चामुण्डाबिन्द्रासैनी नगरपालिकाको आयस्रोतको आधारमा नगरपालिकाले तोकेबमोजिम वा स्थानीयतहको सहायक चौथो स्थरको पारिश्रमिक, सेवाका सर्त र सुविधा उपलब्ध गरिनेछ ।

४. काम कर्तव्य र अधिकार

सामाजिक कार्यकर्ता तथा बालमनोविज्ञको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगर वडा तथा बाल अधिकार समितिले निर्णय एवं निर्देशन कार्यन्वयन गर्ने ।

(ख) नेपाल सरकार प्रदेश सरकार र चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न बाल कल्याण अधिकारीको निर्देशनमा स्थानीय तथा वडा बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन बाल कल्याण अधिकारीलाई पेश गर्ने ।

(ग) चामुण्डाबिन्द्रासैनी नगरपालिका तथा नगरपालिकाका वडाभित्र स्थायी तथा अस्थायी रुपमा बसोवास गर्ने सबै बालबालिकाले प्राप्त गर्नु पर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धि तथ्याक्त सक्तलन र विश्लेषण गरी बाल कल्याण अधिकारीलाई उपलब्ध गर्ने ।

(घ) चामुण्डाबिन्द्रासैनी नगरपालिका तथा यसका वडाहरूमा जोखिममा परेका विशेष संरक्षण र बैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, स्थाई संरक्षण, बाबुआमालाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा बैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी बाल कल्याण अधिकारी समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) चामुण्डाबिन्द्रासैनी नगरपालिकामा भएका बाल अधिकार उलङ्घन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण सम्बन्धी कार्य गर्ने ।

(छ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल, अचल सम्पतिको अभिलेख राखि संरक्षण सम्बन्धित निकायमा सहजिकरण र सिफारिस गर्ने ।

(ज) बालबालिकाको गोपनियता कायम गर्दे जोखिममा रहेका बालबालिकाको घटना व्यवस्थापनको माध्यमबाट जोखिम समाधानको लागि पहल गर्ने ।

(ढ) चामुण्डाबिन्द्रासैनी नगरपालिका तथा वडाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(ण) चामुण्डाबिन्द्रासैनी नगरपालिकामा बालश्रम, बाल विवाह, बाल हिंसा जस्ता समस्याको अन्त्य गर्न बालमैत्री विद्यालय, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक समन्वय तथा

सहजिकरण गर्ने ।

(त) स्थानीय तथा वडा बाल अधिकार समितिले प्रत्यायोजित अन्य काम गर्ने ।

**१६. बालकोषको व्यवस्था,**

विभिन्न निकायहरूसाग समन्वय र सहकार्य गरी आपतकालिन बालबालिका, बालविवाह, यौन दुर्व्यहार, हेला, शोषण, अपहेलना र अन्य कारणले जोखिममा परेका बालबलिकाहरूको तत्काल उद्दार तथा सहयोग गर्नको लागि बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६३ अनुसार नगरपालिका तथा वडा स्तरमा एक–एक बालकोषको स्थापना गरिनेछ । बालकोषको सञ्चालनको लागि बालकोष सञ्चालन कार्यविधि तयार गरी सोहि अनुसार हुनेछ ।

**१७. जोखिम वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका,**

यस चामुण्डाबिन्द्रासैनी नगपालिकाले जोखिममा रहेका वा विशेष संरक्षणमा रहेका बालबालिकाको हकमा तपशिल बमोजिमको बालबालिकालाई सम्झनेछ ।

क) बालबालिका सम्बन्धी ऐन २०७५को दफा ४८ मा उल्लेख गरिएका बालबालिकाहरू

ख) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेका बालबालिका,

ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित बालबालिका,

घ) अपाङ्गतामा भएका बालबालिका,

ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका बालबालिका,

च) हिंसाबाट प्रभावित एवं पिडित भएका बालबालिका,

छ) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,

ज) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका,

झ) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसाग सम्बन्धित रहेको कारणले बेवारिसे भएका बालबालिका,

ञ) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका बालबालिका,

ट) सुस्त मनस्थिति भएका वा सुस्त मनस्थिति भएका बालबालिका,

ठ) अपहरण वा शरिर बन्धकमा परेका बालबालिका,

ड) सडक बालबालिका बालबालिका,

ढ) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका बालबालिका,

ण) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिका,

त) विवाह गरी विद्यालय छोडेका वा अन्य जोखिममा रहेका बालबालिका,

थ) श्रममा संलग्न र श्रममा जानसक्ने अवस्था भएका बालबालिकाहरू,

द) आमा वा बुवा नभई अति गरिबीको अवस्थामा रहेका बालबालिका, तथा

ध) स्थानीय बाल अधिकार समितिले तोकेका अन्य बालबालिका ।

**१८. बैठक खर्च, आर्थिक प्रतिवेदन र लेखापरीक्षण,**

(क) बैठक व्यवस्थापन खर्च नगरपालिकाले व्यवस्थापन गरे बमोजिमको हुनेछ । बैठक सञ्चालन गर्नको लागि नगरपालिका तथा वडामा कार्यरत गैहसरकारी सस्थाहरूको साझेदारीमा समेत व्यवस्थापन गर्न सकिनेछ ।

(ख) बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरूको सम्पन्न प्रतिवेदन तयार गरी सरोकारवालाहरूसाग बार्षिक रूपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन नगरपालिकामा पेश गरिनेछ । साथै नगरपालिकाले दिएको निर्देशनको पालना गरिनेछ ।

(ग) नगरपालिकाले नियुक्त गरेको लेखापरीक्षकबाट प्रत्येक वर्ष आय–व्ययको विवरणको लेखापरीक्षण





गराउनु पर्नेछ ।

**१९. समन्वय र सहयोग,**

(क) बाल अधिकार समितिले बाल अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको क्षेत्रमा काम गर्ने स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका विकासका साझेदार संस्थासाग साझेदारी र समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ख) आवश्यकतामा आधारित कार्यक्रम निर्माण, कार्यान्वयन गर्न गराउन अन्य निकायसाग समन्वय र सहकार्य गरिनेछ ।


(ग) कार्यक्रमबाट उपलब्ध हुने सूचनालाई सबै सरोकारवालाको सहयोग लिएर व्यापकता प्रदान गरिनेछ ।

**२०. कार्यविधिको व्याख्या तथा संशोधन तथा बचाउ,**

यस कार्यविधिको व्याख्या तथा संशोधन नगरकार्यपालिकाको बैठकले आवश्यकता अनुसार गर्न सक्नेछ । कार्यविधिमा उल्लेख भएका विषयहरू नेपाल सरकारको प्रचलित कानूनसाग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।  यस निर्देशिकामा भएको कुनै व्यवस्था स्पष्ट नभई व्याख्या गर्नु पर्ने भएमा नगर कार्यपालिकाले सोको व्याख्या गर्नेछ । यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यापालिकाले सोको व्याख्या गर्नेछ र त्यस्तो बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

**२१. स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समिति खारेज हुन सक्ने अवस्था,**

नेपाल सरकार, प्रदेश सरकार र चामुण्डाबिन्द्रासैनी नगरपालिकाले प्रर्याप्त कारण सहित स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समिति आवश्यकता नरहेको देखिएमा चामुण्डाबिन्द्रासैनी नगरपालिकाले स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिलाई खारेज गर्न सकिनेछ ।



आज्ञाले

भक्त बहादुर मल्ल

प्रमुख प्रशासकीय अधिकृत